"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन,र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गाल्जे,कालीकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२ मितिः २०८१/०६/१५

सूचना नं. ९०

ने. सं. ११४४ जलागा १४ मंगलबार

## कृषि मेला प्रदर्शनी सम्बन्धि सूचना ।

प्रस्तुत बिषयमा यस तिलागुफा नगरपालिका र सहास नेपाल (लिफ्ट परियोजना) कालीकोटको साझेदारीमा यही मिति २०८१।०७।०४ गते तपसिलका बालीहरुमा नगरपालिका स्तरीय प्रथम कृषिमेला प्रदर्शनी कार्यक्रम आयोजना हुने भएकोले उक्त कृषि मेला प्रदर्शनीमा भाग लिन चाहनु हुने इच्छुक कृषक, कृषक समुह, कृषि सहकारी संस्था,कृषि उद्यमी तथा कृषि संग सम्बन्धित अन्य संघ संथाहरु सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कृषि मेला प्रदर्शनी हुने स्थानः तिलागुफा नगरपालिकाको प्राङ्गण

कृषि उपज/वस्तुहरु, सामाग्रीहरु दर्ता गर्ने मितिः२०८१।०७।०४ गते बिहान ९ बजे देखि १२ बजे सम्म मात्र ।उक्त समय भित्र दर्ता हुन नआएमा कृषि उपज/वस्तुहरु, सामाग्रीहरु दर्ता गरिने छैन ।

नोटः पुरस्कार :- प्रथम रु ३०००,द्वितिय रु २०००, तृतिय रु १५०० र सान्त्वना रु १००० नगद तथा प्रमाणपत्र सहित पुरस्कृत गरिनेछ

प्रतियोगितामा समावेश गरिने कृषि उपजहरु निम्न अनुसारको हुनुपर्नेछ ।

| क्र.सं. | बाली समुह | बालीहरुको नाम | प्रतियोगितामा सहभागी हुने किसानले ल्याउनुपर्ने विवरण |
|---|---|---|---|
| १ | खाद्यान्न बाली समुह | धान,मकै,कोदो,फापर,चिनो, कागुनो | प्रत्येक बालीको जरा,पात,डाँठ,फल र टुप्पो सहितको २ बोट । धानबालीको पुरै गाँज सहितको बोट र मकैको हकमा मकैको घोगा (कोसा) सहितको २ बोट । |
| २ | तरकारी बाली समुह | काउली,बन्दा,मुला,रायो,चोतो, कोइरो, सलगम, गाजर, काँक्रा, फर्सी, स्विसचार्ड, गोलभेंडा, भन्टा, सिमी, खुसानी, ब्रोकाउली, चिचिन्डा | १ काउली,बन्दा,ब्रोकाउली, मुला, चोतो,कोइरो, सलगम, गाजर, रायो, स्विसचार्ड जरा र पात सहितको १ बोट ।<br>३ गोलभेंडा, भण्टा, खुर्सानी,सिमी फलेको जरा सहितको १ बोट ।<br>४ काँक्रा, फर्सी, चिचिन्डा १ वटा |
| ३ | आलु बाली समुह | आलु, पिंडालु | फलेको र बोटबाट दानाहरु अलग नगरिएको १ बोट |
| ४ | फलफूल बाली समुह | स्याउ,ओखर,केरा,सुन्तला, कागती,अनार,अंगुर,किवी,जुनार | स्याउ ५ दाना, ओखर १० दाना,केरा सिङ्गो छिप्पिएको १ घरी, सुन्तला, कागती,अनार,अंगुर,किवी,जुनार फलेको हाँगा सहितको २ झुप्पो |
| ५ | विविध समुह | मह,उखु,अदुवा,अलैंची,बेसार, च्याउ | मह १ के.जि., अदुवा,अलैंची,बेसार, फलेको बोट सहित १ बोट उखु पात सहितको बोट र च्याउ परालको ढिक्का सहित फलेको १ डल्ला । |

..................................

(देवकिरण बुढा)

प्रमुख प्रशासकीय अधिकृत

देवकिरण बुढा

प्रमुख प्रशासकीय अधिकृत

Website: www.tilaguphamun.gov.np email id: tilagufamun@gmail.com Cellno. 9858320054